बारपाक सुलिकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ताकुकोट, गोरखा
गण्डकी प्रदेश, नेपाल ।
Website: www.sulikotmun.gov.np
Email: barpaksulikotrm@gmail.com

बारपाक सुलिकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ताकुकोट, गोरखा गण्डकी प्रदेश, नेपाल

मिति : २०७७/०४/१६

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्वन्धी सूचना !

(प्रथम पटक प्रकाशित मितिः २०७७/०४/१६

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. ०७७/७८, च.नं. २३, मिति २०७७/०४/१२ को पत्रानुसार यस बारपाक सुलिकोटमा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१-०७७/०८७ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः**

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण-पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको ।

(ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको ।
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

(ग) उमेरः कम्तीमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

२. **दरखास्त दिने स्थानः** बारपाक सुलिकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय ।

३. **दरखास्त दिने अन्तिम मितिः** २०७७/०४/३०

४. **आवेदनको दस्तुरः** रु. १०००।- (अक्षरुपी रु. एक हजार रुपैंया मात्र)

५. **छनौटको किसिमः** प्रारम्भिक योग्यताको सूची प्रकाशन र लिखित परीक्षा

६. **आवेदन साथ सलग्न कागजताहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७. **सेवा सुविधाः** गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

८. **पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः** गाउँपालिकामा प्राविधिक सहायक पदपूर्त सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

..................
(ईश्वरी प्रसाद पनेरु)
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत